# कपिलवस्तु जिल्ला अदालत
## तौलिहवा

०७६-५६१०१०
फ्याक्स ०७६-५६०१३१
Email:infodckapilvastu@supremecourt.gov.np


प.सं.:-०७७।०७८
च.नं.: २०५८

मिति २०७७।०८।१५

## दोभाषेको सेवाका लागि सूचिकृत हुने सम्बन्धमा
## कपिलवस्तु जिल्ला अदालत तौलिहवाको सूचना।

नेपाली भाषा राम्रोसँग बुझ्न र बोल्न नसक्ने सेवाग्राहीहरुका लागि र अदालतको आदेशले झिकाइएका अन्य कुनै व्यक्ति र अदालतले कानूनी सहायता उपलब्ध गराएका वा कोर्टफि तिर्न नसक्ने भनी अदालतले सहुलियत दिएका सेवाग्राहीका साक्षी समेतका लागि उनीहरुले बुझ्ने भाषामा सेवा उपलब्ध गराउने प्रयोजनका लागि यस अदालतमा देहाय बमोजिमको भाषा मौखिक रुपमा उल्था गर्ने र राम्रोसँग लेख्न र बोल्न जान्ने तथा सरकारी कामकाजको भाषा राम्रोसँग बोल्न र लेख्न जान्ने व्यक्तिलाई दोभाषेको रुपमा सुचिकृत गर्नुपर्ने भएको हुँदा अदालतको कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ को अधिनमा रही सो मा व्यवस्था भए बमोजिमको पारिश्रमिक समेत पाउने गरी दोभाषेहरुको सूची तयार गर्नुपर्ने भएको हुँदा माथि उल्लेख भएको योग्यता पुगेको र क्षमता भएका दोभाषेको रुपमा सूचिकृत हुन इच्छुक व्यक्तिहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस अदालतमा निवेदन दिनको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **दोभाषे हुनको लागी योग्यता**

क) मौखिक रुपमा उल्था गर्ने भाषा राम्रोसँग लेख्न वोल्न जान्ने।

ख) सरकारी कामकाजको भाषा राम्रोसँग लेख्न वोल्न जान्ने।

२. **सेवा प्रदान गर्न तोकिएका भाषाहरु**

क) अंग्रेजी घ) सांकेतिक
ख) हिन्दी ङ) थारु
ग) अवधी च) भोजपुरी

३. **दोभाषेको काम कर्तव्य र अधिकार**

क) दोभाषे सेवा पाउने व्यक्तिले अदालतमा बोलेको कुरालाई अनुवाद गरी न्यायाधीश वा कर्मचारी समक्ष सरकारी कामकाजको भाषामा सुनाउने र न्यायाधीश वा कर्मचारीले बोलेको कुरा मौखिक रुपमा उल्था गरी त्यस्ता व्यक्तिलाई निजले बुझ्ने भाषामा सुनाउने।

ख) आफुले मौखिक रुपमा उल्था गरेका कुरालाई लिखित रुप दिएको भए त्यस लिखितममा उल्था गरे बमोजिम ठीक छ भनी हस्ताक्षर गरी प्रमाणित गरीदिने।

ग) कुनै कारणले दोभाषे सेवा दिन नमिल्ने वा नसक्ने परिस्थिति भएमा त्यसको जानकारी सम्बन्धित अदालतलाई तुरुन्त गराउने।